# शान्ति पुनर्स्थापना गृहको परिचय

मानव वेचविखन तथा ओसारपसार आधुनिक युगको दासता हो । विश्व समुदायको लागि चुनौतीका रुपमा रहेको मानव वेचविखन कहाँ र कहिले देखि सुरु भएको भन्ने कुनै ऐतिहासिक दस्तावेज नभएता पनि आदिकाल देखि नै निरन्तर रुपमा यौन शोषणका लागि होस वा श्रम शोषणका लागि दासत्वजन्य व्यवहार परम्परा देखि चलि आएको छ । यहि विश्वव्यापी परम्पराको चपेटावाट नेपाल पनि अछुतो छैन । गरीवि वेरोजगारी, राजनैतिक अस्थिरता, दन्द्धकालिन उत्पीडन दैविक प्रकोप लगाएतका विभिन्न कारणले आक्रान्त नेपाली नागरिकहरु सुनौलो भविष्य र अवसरको खोजीमा देश भित्रै होस या वाहिर पलायन हुदा वेचविखनकोउच्च जोखिममा रहेको पाइन्छ । यहि समस्यालाई मध्यनजर गर्दै शान्ति पुनर्स्थापना गृह वि.स. २०५० साल माघ ४ गतेका दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा विधिवत रुपमा दर्ता भएको हो । यस संस्थाको केन्द्रिय कार्यालय ललितपुरको गोदावारी नगरपालिका वडा नं. १२ ठेचोमा अवस्थित छ । यस संस्थाले विगतमा सिन्धुपल्चोक, रसुवा, मकवानपुर, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, कैलाली र कन्चनपुर जिल्लाहरुमा मानव वेचविखन तथा ओसार प्रसारको रोकथाम सम्वन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएकोमा हाल नेपालको लुम्विनी र सुदुर पश्चिम प्रदेशका कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लामा आफ्ना शाखा तथा सम्पर्क कार्यालयहरु मार्फत सिमा निगरानी, पैरवी, तथा जनचेतना मूलक कार्यहरु सन्चालन गर्दै आइरहेको छ । वर्तमान समयमा पुरुषको तुलनामा महिलाहरुलाइ नै बेचबिखनमा पार्ने, बिभिन्न प्रकारका नाटक रच्न, अपाङ्ग बनाई माग्न लगाइएको पाइएको छ । आफ्नै श्रीमान, बुबा क्रुर बनेर श्रीमति, छोरी बहिनीलाई बेचिइरहेका छन्, बेचिएका चेलिहरुलाई पनि हातखुट्टा भाँचेर,गर्भवती बनाएर पठाइएको छ भने कयौ चेलिहरु विदेशमा नरकीय जीवन बिताउन बाध्य भएका छन्, त्यतिकै मात्रामा महिलाहरुमा रोजगारीको लागि तेस्रो मुलुकतिरको आर्कषण बढेको पाइन्छ यहि मौका पारी दलालहरुले सोझा चेलिहरुलाई फसाइरहेका छन्। यस्तै अवस्था बढ्दैजाने हो भने यस प्रकारका समस्याहरुले झनै गति पाउन नसक्ला भन्न सकिन्न । हजारौं संख्यामा सोझा सीधा चेलीहरु बेचविखनहुनबाट अझै मीक्त पाउन सकेका छैनन् । यसरी पशुसरह मानवलाइ बेचविखन गराइनु जघन्य अपराध नियन्त्रण का लागि हामी सम्पूर्ण व्यक्ति, नागरिक समाज राजनितिकदलहरु तथा पत्रकारहरु सक्रियताका साथ अगाडि बढ्न, महिला वर्ग स्वयं सजक रहन र मानब बेचविखन तथा ओसारपसार कार्यमा संलग्नलाई संरक्षण होइन इन्कार गर्दै विभिन्न क्षेत्रबाट आवाज उठाउनु आजको आवश्यकता देखिएको छ । नेपालमा दिनानुदिन मानव बेचविखन जस्तो जघन्य अपराध बढ्दै गइरहेको छ । बर्षेनि हजारौं संख्यामा मानब बेचबिखन भईरहेको छ । विशेष गरि रोजगारीको प्रलोभनमा परेर विभिन्न तेस्रो मुलुकमा लैजाने वाहानामा दलालहरुले भारतको कालो कोठीमा र खाडीमूलुकमा लगेर बेच्ने हुँदा हजारी संख्यामा बेचिएका महिलाहरु नारकीय जिवन विताउन बाध्य भइरहेका छन्। बेचिनेमा गाउँका अशिक्षित युवति मात्रै होइनन्शहरका शिक्षित पनि छन्। परापुर्वकालदेखिनै पुरुषहरुले महिलामाथि आफ्नो श्रेष्ठता सिद्ध गर्ने हतियारको रुपमा प्रयोग गर्दै आइरहेको चलन अहिलेसम्म पनि कायमै छ भने विभिन्न प्रकारका महिला विरुद्धका हिंसाहरुमध्ये यौन शोषणका लागि हुने महिलाको बेचविखन तथा ओसारपसार एउटा गम्भिर राष्ट्रिय समस्याको रुपमा खडा भएको छ । हाम्रो समाजमा रहेको अशिक्षा, गरिबि, पारिवारिक स्थिति र बेरोजगारीका र बिलासीताको कारणबाट नै महिलाहरु विभिन्न प्रकारका हिंसामा संलग्न हुन बाध्य भएको पाइएको छ । अधिकांश महिलाहरु आफ्नो पिडा समाजमा प्रस्तुत गर्न नसक्नुका कारण यस्ता अपराधले थप गति लिइरहको छ । पीडित महिलाहरुलाई अहिले पनि समाजले सहज रुपमा स्वीकार गर्न, नसक्नु, सामाजिक रुपमा पुर्नमिलन हुन नसक्नु, दलालको प्रलोभन र दवावमा पर्नु सम्वन्धित परिवार र समाजले सक्रियातापूर्वक खोजतालास नगर्नु, राज्यका निकायहरुले कर्तव्य र जिम्मेवारीको बोध गर्न नसक्नु जस्ता कारणले पीडितको समयमा उद्धार गर्न कठिनाइ भइरहको छ ।

## तथ्याङ्कमा शान्ति पुनर्स्थापना गृह

| वर्ष | परामर्श | अभिभावक पुनर्मिलन | प्रहरी मार्फत पुनर्मिलन | भारतीय उद्धार | मुद्धा दर्ता | कुल उद्धार |
|---|---|---|---|---|---|---|
| २०७२/०७३ | ३८१९ | ८० | ५४ | १५ | १७ | १४७ |
| २०७३/०७४ | ४३४१ | ७६ | ८८ | ६ | ५ | १७२ |
| २०७४/०७५ | ५२६७ | ८४ | ११४ | ३ | ७ | २१२ |
| २०७५/०७६ | ५८९९ | १३८ | १७६ | १० | ८ | ३२२ |
| २०७६/०७७ | ५९११ | ११९ | १८१ | २९ | ११ | ३१२ |
| २०७७/०७८ | १६३४५ | ३०३ | ४४६ | १९ | ४४ | ७५७ |
| २०७८/०७९ | २४१४२ | ५०९ | ७३६ | १५ | ३२ | १२५५ |
| २०७९/०८० | २६९८७ | ७७६ | ६६३ | ८७ | ४४ | १४६३ |
| जम्मा | ९२७११ | २०८५ | २४६८ | १८४ | १६८ | ४६४० |

## तथ्याङ्कमा शान्ति पुनर्स्थापना गृह २०७९/८०

**Peace Rehabilitation Center (PRC)**
**Rescue Details 2079/80**

| Months | Kanchanpur | Kailali | Bardiya | Banke | Kapilvastu | Dang | Rupandehi | Dhanusha | Total |
|---|---|---|---|---|---|---|---|---|---|
| Shrawan | 29 | 32 | 3 | 25 | 32 | 2 | - | - | 123 |
| Bhadra | 17 | 34 | 2 | 27 | 24 | 0 | - | - | 104 |
| Aswin | 14 | 23 | 7 | 19 | 44 | 1 | - | - | 108 |
| Kartik | 9 | 25 | 4 | 17 | 18 | 2 | - | - | 75 |
| Mangsir | 14 | 32 | 2 | 31 | 28 | 0 | - | - | 107 |
| Poush | 12 | 40 | 0 | 16 | 30 | 1 | - | - | 99 |
| Magh | 18 | 42 | 3 | 28 | 31 | 0 | - | - | 122 |
| Falgun | 9 | 21 | 4 | 13 | 19 | 2 | 9 | - | 77 |
| Chaitra | 14 | 30 | 7 | 24 | 40 | 5 | 11 | 8 | 139 |
| Baisakh | 37 | 31 | 6 | 24 | 37 | 3 | 9 | 13 | 160 |
| Jestha | 33 | 32 | 9 | 30 | 25 | 4 | 23 | 9 | 165 |
| Ashad | 38 | 46 | 6 | 34 | 28 | 3 | 18 | 11 | 184 |
| **Total** | **244** | **388** | **53** | **288** | **356** | **23** | **70** | **41** | **1463** |

CamScanner

## उद्धार भएकाहरुको जतिगत विवरण :

| Ethnicity | Number of Survivors | Percentage |
|---|---|---|
| Dalit | 425 | 29.05 |
| Bhrman/Chettri | 515 | 35.20 |
| Janajati | 416 | 28.43 |
| Other | 107 | 7.31 |
| Total | 1463 | 100 |

## उमेरको आधारमा जम्मा उद्धारको अवस्था :

| Age Range | Total |
|---|---|
| Below 10 | 44 |
| 11-15 | 183 |
| 16-17 | 280 |
| 18-25 | 729 |
| 26-30 | 119 |
| 30 Plus | 108 |
| Total | 1463 |

## शाखा कार्यालय : महेन्द्रनगर कन्चनपुर को आ.व.२०७९/०८० को बार्षिक प्रगति विवरण :

- मानव बेचबिखन तथा ओसारपसारको जोखिम पुर्ण यात्रामा रहेका २४४ जना महिला, किशोरी तथा बालबालिकाहरुलाई उद्धार गरी पारिवारीक पुर्नमिलन गरिएको ।
- २३२० जना महिला, किशोरी तथा बालबालिकाहरुलाई मानव वेचविखन तथा ओसारपसार विरुद्धमा सूचना तथा परामर्श सेवाप्रदान गरिएको छ ।
- २४ जनालाई भारतबाट उद्धार गरी स्वदेश फिर्ता गरिएको ।
- ६ जनालाई मानव बेचबिखन तथा ओसारप्रसार विरुद्धमा र १८ जनालाई ज.ज.क मुद्दा दर्ता गरिएको ।
- २० जनाको खोजतलास निवेदन दिईएको मध्ये ५ जना फेला परेको ।

"समाप्त"

CamScanner